सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश डा. श्री नहकुल सुवेदी
माननीय न्यायाधीश श्री शान्तिसिंह थापा

**आदेश**

०८३-wo-०२६९

रोशन आउजी समेत ............................................................................................निवेदक

**विरुद्ध**

प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय समेत ...................................................................विपक्षी

मुद्दाः **परमादेश**।

१. नियमबमोजिम पेसी सूचीमा चढी अन्तरिम आदेश छलफलका लागि पेस हुन आएको प्रस्तुत निवेदनपत्र सहितको मिसिल अध्ययन गरी रिट निवेदक श्री विवेक चौधरी, श्री रोशन आउजा र श्री विकास यादवले प्रस्तुत गर्नुभएको दावी तथा निवेदकहरूको तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री नारायण प्रसाद श्रेष्ठ र विपक्षी प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयसमेतको तर्फबाट उपस्थित विद्वान् उपन्यायाधिवक्ता श्री पुष्पराज बास्तोला एवम् विपक्षी प्रेस काउन्सिलको तर्फबाट उपस्थित विद्वान् अधिवक्ताहरू श्री अनन्तराज लुईँटेल, श्री विकास भट्टराई, श्री बिशाल थापा, श्री कृतिनाथ शर्मा पौडेल र श्री झविन्द्र भुसालले गर्नुभएको बहस समेत सुनियो।

२. यसमा, प्रहरी ऐन,२०१२ तथा मुलुकी फौजदारी कार्यविधि संहिता,२०७४ लगायतका प्रचलित कानूनमा प्रहरी अधिकारीले कसूरसँग सम्बन्धित व्यक्ति पक्राउ गर्न खोज्दा त्यस्तो व्यक्तिले पक्राउबाट बच्ने वा भाग्ने उम्कने प्रयत्न गरेमा वा कुनै किसिमले जोरजुलुम गरेमा वा गर्ने प्रयत्न गरेमा निजलाई पक्राउ गर्न तथा पक्राउ परेका व्यक्तिलाई भाग्न उम्कन नदिन आवश्यक बल प्रयोग गर्न सक्ने व्यवस्था देखिन्छ। तथापि, के कस्तो प्रकृतिको कसूरसँग सम्बन्धित व्यक्तिलाई हतकडी लगाउने वा नलगाउने भन्ने सम्बन्धमा कुनै कानूनी व्यवस्था, कार्यविधि वा मापदण्ड रहे भएको देखिएन। अभियुक्त वा कसूरदारलाई हतकडी लगाउनु केवल सुरक्षात्मक उपाय मात्र

नभई नेपालको संविधानको धारा १६ द्वारा प्रद्दत्त सम्मानपूर्वक बाँच्न पाउने हक र ऐ.धारा १७ द्वारा प्रत्याभूत गरिएको वैयक्तिक स्वतन्त्रताको हकसँग सम्बन्धित विषयसमेत देखियो। पक्राउ परेका व्यक्तिका हकमा समेत उल्लिखित मौलिक हकको सान्दर्भिकतालाई इन्कार गर्न मिल्दैन। कानूनबमोजिम बाहेक कुनै पनि व्यक्तिलाई वैयक्तिक स्वतन्त्रताबाट वञ्चित गर्न नमिल्ने कानूनको शासनको न्यूनतम मान्यतासमेत हो।

३. यस दृष्टिबाट हेर्दा, कुनै पनि व्यक्ति उपर जाहेरी वा प्रतिवेदन परी पक्राउ गर्न आवश्यक भई पक्राउ पूर्जी जारी गर्ने अख्तियारी प्राप्त गरी पक्राउ गरेको वा निज उपर अभियोग लागेको आधारमा मात्र यान्त्रिक वा स्वचालित रूपमा हतकडी लगाई हाल्नु उल्लिखित संवैधानिक तथा कानूनी व्यवस्थाको मर्म अनुकूल हुने देखिएन। तसर्थ, निवेदकले निवेदनमा उठाएका अन्य विषयवस्तुका हकमा प्रस्तुत निवेदनको अन्तिम किनारा हुँदाका बखत सम्बोधन हुनुपर्ने प्रकृति देखिँदा हाल कुनै पनि व्यक्ति पक्राउ परेपछि सम्बन्धित व्यक्ति भाग्ने उम्कने जोखिम, निजको व्यवहार हिंसात्मक भए नभएको विश्लेषण र निजले आफू वा अरू कसैलाई क्षति पुऱ्याउन सक्ने खतरासमेतको वस्तुनिष्ठ विश्लेषण गरी प्रहरी अधिकारीलाई कानूनले प्रदान गरेको जिम्मेवारी प्रभावकारी रूपमा सम्पादन गर्नका लागि हतकडी प्रयोग नगरी नहुने अपरिहार्य परिस्थिति देखिएमा मात्र सोको अभिलेख राखी हतकडी लगाउन सक्ने देखि बाहेक हतकडी लगाउनैपर्ने अवस्था नदेखिएका व्यक्तिका हकमा प्रस्तुत निवेदनको अन्तिम किनारा नलागेसम्म वा सो सम्बन्धमा अन्यथा कानूनी व्यवस्था वा मापदण्ड नबनेसम्म पक्राउ परेका हरेक व्यक्तिलाई यान्त्रिक तवरले अनिवार्य रूपमा हतकडी लगाउने कार्य नगर्नु, नगराउनु भनी सर्वोच्च अदालत नियमावली,२०७४ को नियम ४९ बमोजिम विपक्षी मध्येका प्रहरी प्रधान कार्यालयका नाउँमा अन्तरिम आदेश जारी गरिदिएको छ। यो आदेशको जानकारी विपक्षीहरूलाई दिनू। —

न्यायाधीश      न्यायाधीश

इति सम्वत् २०८३ आश्विन महिना ५ गते रोज २ शुभम्.............................................. ।